ट्रेकिङ एजेन्सिज् एसोसिएसन अफ नेपाल<br>४७औं वार्षिक साधारण सभा द्वारा पारित<br>प्रस्तावित विधान संशोधनको ३ महले

| हालभएको | प्रस्तावित संशोधन | कारण |
|---|---|---|
| दफा २ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा<br>च) पदाधिकारी भन्नाले दफा २२(१) मा उल्लेखित अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, **सह-सचिव, कोषाध्यक्ष** र **सह-कोषाध्यक्ष**समेतलाई जनाउनेछ । | **दफा २ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा**<br>च) पदाधिकारी भन्नाले दफा २२(१) मा उल्लेखित अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिव (महिला) र कोषाध्यक्ष समेतलाई जनाउनेछ । | दफा २२(१) बमोजिम कार्यसमितिको संरचनामा फेरबदल भएकोले सोही बमोजिम गरिएको । |
| दफा ८(छ) ट्रेकिंग उद्योग तथा पर्वतारोहण क्रियाकलापलाई नै प्रतिकुल असर पर्ने ऐन, नियम, आदेश, निर्देशन आदि उपर **नेपाल सरकारको** ध्यानाकर्षण गर्दै त्यसको वैकल्पिक सुझाउ दिने । | **दफा ८** (छ) ट्रेकिङ उद्योग तथा पर्वतारोहण क्रियाकलापलाई नै प्रतिकुल असर पर्ने ऐन, नियम, आदेश, निर्देशन आदि उपर नेपाल सरकार, प्रदेश सरकारहरु र स्थानीय निकायहरुको ध्यानाकर्षण गर्दै त्यसको वैकल्पिक सुझाउ दिने । | सघीय ढाँचा अनुरुप तीनै तहका सरकारहरुसंग समन्वय गर्नुपर्ने भएकोले थपिएको । |
| थपिएको | दफा ८ थ) पदयात्रा र पर्वतीय साहसिक पर्यटनलाई सुरक्षित र उत्थानशिल बनाउनका लागि जलवायु परिवर्तन, विपत व्यवस्थापन जस्ता क्षेत्रमा सहकार्य तथा साझेदारी गर्ने । | पछिल्लो समय जलवायु परिवर्तनका कारण जोखिम बढ्दै गएकाले सो क्षेत्रमा काम गर्नुपर्ने भएकोले थपिएको । |

Scanned with CamScanner

| | | |
|---|---|---|
| **दफा ११ सदस्यता शुल्क :**<br>४) विलम्ब शुल्क:<br>ख) उपदफा ४ (क) बमोजिम पनि नविकरण नगराइएको अवस्थामा अर्को ६ महिना भित्र अर्थात सोही आ.व को असार मसान्त सम्म विलम्व शुल्क रु २०००।- तिरी सदस्यता नविकरण गराउन सक्नेछ । यसरी नविकरण नगराएमा संघबाट सदस्यहरुलाई प्राप्त हुने सम्पूर्ण सुविधाबाट वञ्चित गरिनेछ । संघको निर्वाचनमा मतदान गर्न र उमेदवार हुन भने **आर्थिक बर्ष भित्रै** नविकरण गराई सकेको हुनु पर्नेछ । | **दफा ११ सदस्यता शुल्क :**<br>४) विलम्ब शुल्क:<br>ख) उपदफा ४ (क) बमोजिम पनि नवीकरण नगराइएको अवस्थामा अर्को ६ महिनाभित्र अर्थात् सोही आर्थिक वर्षको असार मसान्तसम्म विलम्ब शुल्क रु. २०००।- तिरी सदस्यता नवीकरण गराउन सक्नेछ । यसरी नवीकरण नगराएमा संघबाट सदस्यहरुलाई प्राप्त हुने सम्पूर्ण सुविधाबाट बञ्चित गरिने छ । संघको निर्वाचनमा मतदान गर्न र उमेदवार हुन भने निर्वाचन हुने आर्थिक वर्षको अघिल्लो आर्थिक वर्ष (अर्थात् असार मसान्त) भित्रै नवीकरण गराई सकेको हुनुपर्ने छ । | प्रस्टयाईएको । |
| **दफा १३** (ग) सदस्यता दफा ११ (३) बमोजिम नविकरण नगराएमा । | **दफा १३** (ग) सदस्यता दफा ११ (३) तथा ११(४) बमोजिम नवीकरण नगराएमा । | विलम्ब शुल्क तिरी नवीकरण गर्न पाउने व्यवस्था ११(४) मा भएकोले । |
| **दफा १८ सदस्यको पुर्नस्थापना :**<br>दफा (११) को उपदफा ४ (ग) अनुसार कुनै एजेन्सी सदस्यताबाट हटेको र पुनः सदस्यता लिन चाहेको अवस्थामा पुरानो सम्पूर्ण बाकी बक्यौता तिरी पुनः सदस्यताको लागि समितिमा निवेदन दिनुपर्नेछ | **दफा १८ सदस्यको पुर्नस्थापना**<br>दफा (११) को उपदफा ४ (ग) अनुसार कुनै एजेन्सी सदस्यताबाट हटेको र पुनः सदस्यता लिन चाहेको अवस्थामा पुरानो सम्पूर्ण बाँकी बक्यौता तिरी पुनर्स्थापनाका लागि समितिमा निवेदन दिनुपर्ने छ । त्यसरी प्राप्त निवेदन उपर छलफल गरी समितिले सदस्यता पुनर्स्थापना गर्न सक्नेछ । | पुनर्स्थापनापछि पुरानै सदस्यता नम्बर कायम हुने भएकोले । |

Scanned with CamScanner

| | | |
|---|---|---|
| त्यसरी प्राप्त निवेदन उपर छलफल गरी समितिले पुन सदस्यता दिन सक्नेछ। यसरी पुन: सदस्य प्राप्त गरेको एजेन्सीले नयाँ सदस्य सरह सम्पूर्ण सुविधा प्राप्त गर्नेछ। | | |
| दफा १९ (१) क) संघले आवश्यकता अनुसार विधान बमोजिम नेपाल अधिराज्य भित्र विभिन्न ठाँउमा सम्वन्धित निकायको स्वीकृति लिई संघको प्रदेशिक कार्य समिति ( प्रदेश च्याप्टर) र च्याप्टर खोल्न सक्नेछ र यसको कार्य क्षेत्र केन्द्रिय कार्य समितिले तोके बमोजिमको हुनेछ। | दफा १९ (१) क) संघले आवश्यकता अनुसार विधान बमोजिम नेपाल राज्यभित्र सम्वन्धित निकायको स्वीकृति लिई केन्द्रीय टानको कार्यालय रहने प्रदेश बाहेकका प्रदेशहरुमा संघको प्रादेशिक कार्यसमिति (प्रदेश च्याप्टर) र च्याप्टर खोल्न सक्नेछ र यसको कार्यक्षेत्र केन्द्रीय कार्यसमितिले तोके बमोजिमको हुनेछ। | केन्द्रीय कार्यालय रहेको प्रदेशमा प्रदेश च्याप्टर जरुरी नहुने |
| दफा १९ (७)प्रदेशिक कार्य समिति ( प्रदेश च्याप्टर) र च्याप्टरको अध्यक्षहरु मध्येबाट एक जना संघको केन्द्रिय कार्य समितिको पदेन सदस्य हुनेछ। यदि एक जना मात्र अध्यक्ष रहेको खण्डमा भने पदेन सदस्यको रुपमा रहनेछ। साधारण सभामा मतदान गर्नुपर्ने अवस्थाहरु प्रत्येक प्रदेशिक कार्य समिति ( प्रदेश च्याप्टर) र च्याप्टर बाट अध्यक्ष, महासचिव र कोषाध्यक्षलाई मतदान गर्न पाउने अधिकार पनि प्राप्त गर्नेछ। तर संघको केन्द्रिय कार्यसमितिको | दफा १९ (७) प्रदेशिक कार्य समिति (प्रदेश च्याप्टर) का अध्यक्षहरु संघको केन्द्रिय कार्य समितिको पदेन सदस्य हुनेछन्। साधारण सभामा मतदान गर्नुपर्ने अवस्थाहरु प्रत्येक प्रदेशिक कार्य समिति (प्रदेश च्याप्टर) बाट अधिकतम् १५ जना पदाधिकारी तथा सदस्यहरुलाई लाई मतदान गर्न पाउने अधिकार पनि प्राप्त गर्नेछ। तर संघको केन्द्रिय टानको साधारण सदस्य रहेको खण्डमा भने दोहोरो मताधिकार हुने छैन। | दफा २२ (१) बमोजिम गर्नुपर्ने भएकोले। |

Scanned with CamScanner

| | | |
|---|---|---|
| साधारण सदस्य रहेको खण्डमा भने दोहोरो मताधिकार हुने छैन । | | |
| **दफा २२ केन्द्रीय कार्यसमितिको गठन:**<br><br>२२ (१) साधारण सभाका सदस्यहरुवाट निर्वाचित, मनोनित र पंदेन सहित देहाय बमोजिमका पदाधिकारी र सदस्यहरु रहने २५ सदस्यीय एक कार्यसमिति गठन गरिनेछ ।<br>(क) अध्यक्ष .......१<br>(ख) वरिष्ठ उपाध्यक्ष ......१<br>(ग) प्र. उपाध्यक्ष ...........१<br>(घ) द्वि. उपाध्यक्ष .........१<br>(ङ) महासचिव ..............१<br>(च) सचिव .........१<br>(छ) कोषाध्यक्ष ................१<br>(ज) सहकोषाध्यक्ष ..........१<br>(झ) सदस्यहरु (निर्वाचित)...९<br>(कंतिमा १ महिला सहित)<br>ञ) निवर्तमान अध्यक्ष (पदेन सदस्य) ... १ | **दफा २२ केन्द्रीय कार्यसमितिको गठन:**<br><br>२२ (१) साधारण सभाका सदस्यहरुवाट निर्वाचित, मनोनित र पदेनसहित देहाय वमोजिमका पदाधिकारी र सदस्यहरु रहने १७ सदस्यीय एक कार्यसमिति गठन गरिनेछ ।<br>(क) अध्यक्ष .......१<br>(ख) वरिष्ठ उपाध्यक्ष ......१<br>(ग) उपाध्यक्ष ......१<br>(घ) महासचिव ..............१<br>(ङ) सचिव (महिला अनिवार्य) .........१<br>(च) कोषाध्यक्ष ..............१<br>(छ) सदस्यहरु (निर्वाचित)...५ (१ जना महिला सदस्य अनिवार्य)<br>(ज) केन्द्रीय टान रहने प्रदेश बाहेक बाँकी ६ वटा प्रदेशका प्रदेश च्याप्टरवाट प्रतिनिधित्व गर्ने सदस्यहरु- ........ ६ | कार्यसमितिको संख्या ठूलो भई वैठक सञ्चालनमा असहज भएको र प्रादेशिक तथा लैङ्गीक हिसावले समावेशी बनाउनुपर्ने भएकोले । |

Scanned with CamScanner

| | | |
|---|---|---|
| (ञ) १ महिला र कार्यसमितिमा प्रत्येक प्रदेशको प्रतिनिधित्व हुने गरी अध्यक्षबाट मनोनित सदस्य .....६<br>(ट)च्याप्टर अध्यक्षहरु मध्येबाट सदस्य.....१<br>(एक मात्र च्याप्टर भएमा पदेन हुने) | प्रमाणीकरण अधिकृत | |
| २२ (२) साधारण सभाका सदस्यहरुले कार्यसमिति पदाधिकारी र सदस्य मध्ये १ जना अध्यक्ष, उपाध्यक्ष ३, महासचिव १, सचिव १, कोषाध्यक्ष १, सहकोषाध्यक्ष १, महिला सदस्य १, र खुल्ला सदस्य ८ जना सदस्यहरुको निर्वाचन गर्नेछ । | २२ (२) साधारण सभाका सदस्यहरुले कार्यसमिति पदाधिकारी र सदस्य मध्ये १ जना अध्यक्ष, १ जना वरिष्ठ उपाध्यक्ष, **१ जना उपाध्यक्ष,** १ जना महासचिव, १ जना सचिव **(महिला)**, १ जना कोषाध्यक्ष र ४ जना खुल्ला सदस्यहरु र १ जना महिला सदस्यको निर्वाचन गर्नेछ । | |
| २२ (३) निर्वाचित कार्यसमितिको अध्यक्ष पदयात्रा तथा पर्यटन व्यवसायी, पर्यटन व्यवसाय र क्षेत्रको विकासमा लागि परेका साधारण सदस्यहरु मध्येबाट १ महिला र कार्य समितिमा प्रत्येक प्रदेशको प्रतिनिधित्व हुने गरी ६ जना सदस्य मनोनित गर्नेछन् । | २२ (३)<br>(क) २२ (१) (ज) बमोजिम प्रदेशबाट प्रतिनिधित्व गर्ने सदस्यका हकमा प्रदेश च्याप्टर स्थापना भइसकेको अवस्थामा प्रदेश च्याप्टरका अध्यक्ष पदेन सदस्य हुनेछन् ।<br>(ख) प्रदेश च्याप्टर स्थापना नभएका प्रदेशका हकमा निर्वाचित अध्यक्षले च्याप्टर स्थापना नभएका प्रत्येक प्रदेशबाट १ जना सदस्य मनोनित गर्नेछन् । | |
| २२ (४) | २२ (ग) २२ (३) ख बमोजिम मनोनित गरिने सदस्य सम्बन्धित प्रदेशमा दर्ता भएको ट्रेकिङ एजेन्सीका सञ्चालक भई एजेन्सीका नवीकरण लगायतका विवरणहरु अद्यावधिक भएको हुनुपर्नेछ । सम्बन्धित प्रदेशमा एजेन्सी दर्ता | २२ (४) नंम्बर छुटेकाले थपिएको |

Scanned with CamScanner

| | | |
|---|---|---|
| | भएका सञ्चालकहरु नभएको खण्डमा सम्बन्धित प्रदेशको नागरिक भई केन्द्रीय टान रहने प्रदेशमा दर्ता भएका ट्रेकिङ एजेन्सी सञ्चालकहरु मध्येबाट मनोनयन गरिने छ। | |
| दफा २९ पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार<br><br>(३) प्रथम उपाध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ। | दफा २९ पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार<br><br>(३) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।<br>क) अध्यक्ष वा वरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण काम, कर्तव्य र अधिकारको पालना र प्रयोग गर्ने।<br>ख) अध्यक्ष वा वरिष्ठ उपाध्यक्षको निकटस्थ रही अध्यक्षलाई प्रत्यक्ष सहयोग गर्ने | प्रथम शब्द हटाईएको |

Scanned with CamScanner

| | | |
|---|---|---|
| क) अध्यक्ष वा बरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण काम, कर्तव्य र अधिकारको पालना र प्रयोग गर्ने ।<br>ख) अध्यक्ष वा बरिष्ठ उपाध्यक्षको निकटस्थ रही अध्यक्षलाई प्रत्यक्ष सहयोग गर्ने ।<br>ग) अध्यक्ष बरिष्ठ उपाध्यक्षकोनिर्देशन बमोजिम अन्य कामहरु गर्ने । | ग) अध्यक्ष, बरिष्ठ उपाध्यक्षको निर्देशन वमोजिम अन्य कामहरु गर्ने । | |
| <u>दफा २९</u><br><br>४) **द्वितिय उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**<br><br>क) अध्यक्ष, वरिष्ठ उपाध्यक्ष र प्रथम उपाध्यक्षको काममा मद्धत पुर्याउने ।<br>ख) अध्यक्ष, बरिष्ठ उपाध्यक्ष वा प्रथम उपाध्यक्षले दिएको निर्देशन बमोजिमको कामहरु गर्ने । | <u>दफा २९</u> (४) खारेज गरिएको । | २२ (१) वमोजिम कार्यसमितिको संरचनामा फेरबदल गरिएकोले । |

Scanned with CamScanner

| | | |
|---|---|---|
| दफा २९<br><br>५) समितिको महासचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ । | दफा २९<br><br>४) समितिको महासचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ । | नम्बर मिलान गरिएको |
| दफा २९<br><br>६) समितिको सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।<br>क) महासचिवको अनुपस्थितिमा महासचिवका सम्पूर्ण काम, कर्तव्य र अधिकारको पालना तथा प्रयोग गर्ने ।<br>ख) महासचिवको काम, कर्तव्य र अधिकारमा प्रत्यक्ष सहयोग पुर्‍याउने ।<br>ग) महासचिव र अध्यक्षले दिएको निर्देशनको पालना गर्ने । | दफा २९<br><br>५) समितिको सचिव (महिला) को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।<br>क) महासचिवको अनुपस्थितिमा महासचिवका सम्पूर्ण काम, कर्तव्य र अधिकारको पालना तथा प्रयोग गर्ने ।<br>ख) महासचिवको काम, कर्तव्य र अधिकारमा प्रत्यक्ष सहयोग पुर्‍याउने ।<br>ग) महासचिव र अध्यक्षले दिएको निर्देशनको पालना गर्ने ।<br>घ) पदयात्रा तथा पर्वतीय साहसिक पर्यटनमा महिला वर्गको सहभागिता, महिला व्यवसायी तथा श्रमिकहरुको सुरक्षा, क्षमता विकास आदिका लागि विशेष पहल गर्ने । | २२ (१) बमोजिम कार्यसमितिको संरचनामा फेरबदल गरिएकोले ।<br><br>पदयात्रा तथा पर्वतीय साहसिक पर्यटनमा महिला सहभागिता वृद्धि गर्ने बुंदा थपिएको ।<br><br>नम्बर मिलान गरिएको |
| दफा २९ | दफा २९<br>६) समितिका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ । | नम्बर मिलान गरिएको |

| | | |
|---|---|---|
| ७) समितिका कोषाध्यक्षको **काम, कर्तव्य र अधिकार** देहाय बमोजिम हुनेछ। | | |
| <u>दफा २९</u> (८) सहकोषाध्यक्षको **काम, कर्तव्य अधिकार**<br><br>क) कोषाध्यक्षलाई सहयोग पुर्‍याउने।<br>ख) कोषाध्यक्षको अनुपस्थितिमा निजको कार्य सम्हाल्ने र बैक खातामा हस्ताक्षर गर्ने।<br><br>तर कोषाध्यक्ष एक महिना वा सो भन्दा लामो अनुपस्थितिमा कोषाध्यक्षको काम सहकोषाध्क्षले वा सहकोषाध्यक्ष समेत अनुपस्थित भएमा समितिले तोकेको समितिकै एकजना सदस्यले गर्नेछ। | खारेज गरिएको। | २२ (१) बमोजिम कार्यसमितिको संरचनामा सहकोषाध्यक्ष पद खारेज गरिएकोले। |
| <u>दफा २९</u><br>९) सदस्यहरुको **काम, कर्तव्य र अधिकार** | <u>दफा २९</u><br>७) सदस्यहरुको **काम, कर्तव्य र अधिकार** | नम्बर मिलान गरिएको |
| <u>दफा २९</u><br>१०) केन्द्रिय कार्यसमितिको उत्तरदायित्व : | <u>दफा २९</u><br>८) केन्द्रिय कार्यसमितिको उत्तरदायित्व : | नम्बर मिलान गरिएको |

Scanned with CamScanner

| | | |
|---|---|---|
| **दफा ३० संघको कोष**<br>(४) संस्थाको केन्द्रिय स्तरको बैक खाता कोषाध्यक्षको वा सह- कोषाध्यक्षको अनिवार्य र अध्यक्ष वा महासचिव मध्य कुनै दुईको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।स्थानीय स्तरको च्याप्टर वा परियोजना वा कार्यक्रम संचालनार्थ खोलिने बैक खाता कोषाध्यक्षको अनिवार्य र अध्यक्ष वा महासचिव वा कार्य समितिले तोकेको पदाधिकारी वा सदस्य वा परियोजना अधिकृत वा लेखापाल मध्य कुनै दुईको संयुक्त हस्ताक्षरबाट संचालन हुनेछ । | **दफा ३० संघको कोष**<br>(४) संस्थाको केन्द्रीय स्तरको बैंक खाता कोषाध्यक्षको अनिवार्य र अध्यक्ष वा महासचिव मध्ये कुनै दुईको संयुक्त दस्तखतबाट संचालन हुनेछ । स्थानीय स्तरको च्याप्टर वा परियोजना वा कार्यक्रम संचालनार्थ खोलिने बैंक खाता कोषाध्यक्षको अनिवार्य र अध्यक्ष वा महासचिव वा कार्यसमितिले तोकेको पदाधिकारी वा सदस्य वा परियोजना अधिकृत वा लेखापाल मध्ये कुनै दुईको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।<br><br>तर कोषाध्यक्ष एक महिना वा सो भन्दा लामो समय अनुपस्थिति भएमा कोषाध्यक्षको काम समितिले तोकेको समितिकै एकजना सदस्यले गर्नेछ । | सहकोषाध्यक्षको पद हटाईएकोले । |
| **दफा ३१ कोषको रकम खर्च गर्ने तरिका**<br><br>च) यस विधानको अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कार्य समितिले भुक्तानी गर्नुपर्ने भनी निर्णय गरेको रकम निर्णय गरेको एक महिना भित्र पनी अनिवार्य हस्ताक्षरकर्ता कोषाध्यक्ष **वा सह– कोषाध्यक्ष**को हस्ताक्षर उपलब्ध नभएको कारणले भुक्तानी हुन नसकेमा कार्य समितिले निर्णय गरी प्रत्यक निर्णयमा एक पटकको लागि आवश्यकता अनुसार बैठक बसी निर्णय गरी कोषाध्यक्ष | **दफा ३१ कोषको रकम खर्च गर्ने तरिका**<br><br>च) यस विधानको अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यसमितिले भुक्तानी गर्नुपर्ने भनी निर्णय गरेको रकम निर्णय गरेको एक महिनाभित्र पनि अनिवार्य हस्ताक्षरकर्ता **कोषाध्यक्षको** हस्ताक्षर उपलब्ध नभएको कारणले भुक्तानी हुन नसकेमा कार्यसमितिले निर्णय गरी प्रत्येक निर्णयमा एक पटकको लागि आवश्यकता अनुसार बैठक बसी निर्णय गरी कोषाध्यक्षको सट्टा कार्यसमितिको कुनै एक जना सदस्यलाई आर्थिक व्यवस्थापन प्रमुखको जिम्मेवारी दिई निजको अनिवार्य हस्ताक्षरबाट खाता सञ्चालन हुन सक्नेछ । | सहकोषाध्यक्षको पद हटाईएकोले । |

Scanned with CamScanner

| | | |
|---|---|---|
| खा सह– कोषाध्यक्षको सट्टा कार्य समितिको कुनै एक जना सदस्यलाई आर्थिक व्यवस्थापन प्रमुखको जिम्मेवारी दिई निजको अनिवार्य हस्ताक्षरबाट खाता संचालन हुन सक्नेछ । | प्रशासकीय अधिकृत | |
| **दफा ३२ संस्थाको लेखा र लेखा परीक्षण**<br><br>(४) लेखा परीक्षकको नियुक्ती साधारण सभाबाट हुनेछ । लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, जि. वि. स. समाज कल्याण परिषद र सम्वन्धित निकायमा पेश गरिनेछ । | **दफा ३२ संस्थाको लेखा र लेखा परीक्षण**<br><br>(४) लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ । लेखापरीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, सम्वन्धित स्थानीय निकाय, समाज कल्याण परिषद र सम्वन्धित निकायमा पेश गरिने छ । | जि. वि. स. कायम नरहेकाले । |
| **दफा ३३ निर्वाचन**<br><br>(२)<br>ख) सदस्यता शुल्क दफा (७) वमोजिम नविकरण नगराएको । | **दफा ३३ निर्वाचन**<br><br>(२)<br>ख) दफा (११) (सदस्यता शुल्क) बमोजिम नवीकरण नगराएको । | सच्याईएको । |
| **दफा ३६ कर्मचारी सम्वन्धि व्यवस्था:**<br>(४)संस्थाद्वारा संचालित परियोजना वा कार्यक्रमहरु संचालन गर्नकोलागि आवश्यक कर्मचारीको छनौट | **दफा ३६ कर्मचारी सम्वन्धि व्यवस्था:**<br>(४) संस्थाद्वारा आवश्यक कर्मचारीहरु अस्थायी करार सेवामा नियुक्त गरिनेछ । संस्थामा कुनैपनि स्थायी कर्मचारी नियुक्ति गरिने छैन । संस्थाद्वारा सञ्चालित | छोटो अवधिका परियोजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा नियुक्ति प्रक्रियामा लामो |

Scanned with CamScanner

| | | |
|---|---|---|
| वा नियुक्ती प्रतिस्प्रर्धात्मक तरिकाबाट हुनेछ। यसरी राखिएका कर्मचारीहरुको करार या नियुक्तीको अवधि एकचोटिमा २ वर्ष भन्दा बढीको हुनु हुदैन। | परियोजना वा कार्यक्रमहरु सञ्चालन गर्नका लागि ६ महिना भन्दा बढि अवधिका लागि आवश्यक कर्मचारीको छनौट वा नियुक्ति प्रतिस्पर्धात्मक्र तरिकाबाट हुनेछ। यसरी राखिएका कर्मचारीहरुको करार अवधि २ वर्ष भन्दा बढीको हुने छैन। कार्य सम्पादन राम्रो भएका कर्मचारीहरुलाई कार्यसमितिले निर्णय गरि संस्थाको नियमावली अनुसार निश्चित समय तोकि (२ वर्षमा नबढ्ने गरि) करार अवधि थप गर्न सक्ने छ। तर यो संशोधन हुनु पूर्व नियुक्ति पाएका कर्मचारीका हकमा नियुक्ति हुँदाका बखत कायम रहेको विधान तथा विनियमावली तथा सेवा शर्त बमोजिम नै हुनेछ। | समयका लागि काम गर्न बाधा पुगेकाले। स्थायी कर्मचारी नियुक्ति गर्दा संस्थालाई बढि व्ययभार पर्ने र कार्यदक्षता कमजोर भएका कर्मचारीलाई हटाउने प्रावधान नहुँदा संस्थाको प्रभावकारिता मै ह्रास आउने भएकाले। |

२०८२।१०।०४

प्रशासकीय अधिकृत